# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, साउन २ गते २०४० साल (संख्या १४

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको

### सूचना

खानेपानी तथा ढल निकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४०

खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "खानेपानी तथा ढल निकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३० को दफा ३ मा संशोधनः खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३० (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) चीफ इन्जिनीयर, खानेपानी तथा ढल निकास विभाग–अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिनिधि, गृह मन्त्रालय– सदस्य
(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय– सदस्य
(ङ) प्रतिनिधि, जलस्रोत मन्त्रालय– सदस्य
(च) प्रतिनिधि, स्वास्थ्य सेवा विभाग– सदस्य
(छ) प्रतिनिधि, सडक विभाग– सदस्य
(ज) योजना प्रमुख, खानेपानी तथा ढल निकास योजना– सदस्य-सचिव

(२) उपदफा (४) र (५) झिकिएका छन् ।

३. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को,–

(१) शीर्षकमा रहेको "र आर्थिक कारोवार" भन्ने शब्दहरू झिकिएका छन ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।"

४. मूल आदेशको दफा ७ मा संशोधन : मूल आदेशको दफा ७ मा रहेको "सचिवलाई" भन्ने शब्दको सट्टा "सदस्य-सचिवलाई" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल आदेशको दफा ८ मा संशोधन : मूल आदेशको दफा ८ मा रहेको "सचिवले" भन्ने शब्दको सट्टा "सदस्य-सचिवले" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल आदेशको दफा ९ मा संशोधन : मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–

"९. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य-सचिवको साथै अरू दुई जना सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(४) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिमा पेश हुने विषयहरू जलस्रोत मन्त्रालयको सचिवको सहमति लिई पेश हुनेछ ।

(६) समितिमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।"

७. मूल आदेशको दफा १२ मा संशोधन : मूल आदेशको दफा १२ मा रहेको "जल तथा विद्युत्" भन्ने शब्दहरूको सट्टा "जलस्रोत" भन्ने शब्द राखिएको छ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४४